# शैक्षिक सुधारमा शिक्षा कार्यालयले गर्न सक्ने थप प्रयास

**बाबुकाजी कार्की**
**निवृत्त जिल्ला शिक्षा अधिकारी**

**लेखसार**

**शिक्षामा गरिएको लगानीको प्रतिफलको औचित्य विद्यार्थीको उपलब्धिस्तरले पुष्टि गर्न सक्नुपर्छ । उपलब्धिस्तर उन्नत बनाउन विद्यार्थी केन्द्रित योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनको विकल्प छैन् । बाल मैत्री विद्यालयका आधारभूत शर्तहरू पुरा भए तापनि शिक्षकहरूको योग्यता, क्षमता र इच्छाशक्ति तथा पठनपाठनप्रतिको जवाफदेहितामा मात्रै गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिन्छ । विद्यालयमा उपलब्ध साधानस्रोत तथा मौजुदा जनशक्तिको अधिकतम् प्रयोग गर्ने सौहाद्र वातावरण सिर्जना गर्न जिल्ला तथा स्थानीयस्तरमा पनि धेरै काम गर्न सकिन्छ । केन्द्रबाट प्राप्त कतिपय नीति निर्देशन तथा साधनस्रोत स्थानीयस्तरको आवश्यकता अनुसार पर्याप्त नहुन सक्छ । सबै काममा केन्द्रको मुख ताक्ने र आफ्नो रचनात्मकभन्दा पनि आदेशमुखी प्रशासन र व्यवस्थापनले शैक्षिक गतिविधिको जीवन्त व्यवस्थापन गर्न सकिन्न । विद्यालय गतिविधिमा सरोकार पक्ष सबैको सद्भाव, सहयोग, सहकार्य, समन्वय र समीक्षाबाट मात्रै अपनत्वको भावना विकास हुने यथार्थता हो । जसबाट सबैको लागि विद्यालय र विद्यालयको लागि सबै भन्ने भावनाको विकास गर्न सहभागितामूलक निर्णय प्रक्रिया, पारदर्शिता, विकेन्द्रितता जस्ता सुशासनका आधारभूत पक्षको अवलम्बन अपरिहार्य हुन्छ । गुणस्तरीय शिक्षा हासिल गर्ने थलोका रूपमा विद्यालयलाई स्थापित गर्न सक्यौं भने विद्यालयबाट विद्यार्थी भागेर घरमा नगई घरबाट भागेर विद्यालय आउने सुखद वातावरण बनाउन सकिन्छ । प्रस्तुत लेखमा लेखक स्वयम् कार्यरत भएका जिल्लाहरूमा शैक्षिक उन्नयनका लागि स्थानीयस्तरमा अपनाएका नीति तथा कार्यक्रमहरू पस्किने जमर्को गरिएको छ ।**

**मुख्य शव्दावली (*Key Words)***

**समूह सुपरिवेक्षण** (Team Supervision), **नतिजा विश्लेषण** (Result Analysis), **इसिकाइ** (E- learning), **विद्युतीय** (Digital Learning)



## विषय प्रवेश Introduction

नेपालको अन्तरिम संविधानले पनि शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ । गुणस्तरीय शिक्षा सर्वसुलभ रूपमा हासिल गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार स्थापित गराउने प्रयास भएको पाइन्छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनुपर्छ भन्ने अन्तरिम संविधानमा उल्लेख छ । शिक्षामा सर्वसाधरणको पहुँच बढाउँदै जीवन र उत्पादनसँग जोड्दै लैजाने तथा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्ने नीति लिइएको छ । शिक्षामा पहुँच सुनिश्चित गर्न तथा उपलब्ध सुविधाको न्यायोचित सदुपयोग गर्ने वातावरण सिर्जना गर्न राज्यले विविध नीति र रणनीति बनाएको हुन्छ । नेपालले पनि

सन् २०१५ सम्म सबैका लागि गुणस्तरीय आधारभूत प्राथमिक शिक्षा प्रदान गर्न अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाएको छ । सबैका लागि गुणस्तरीय शिक्षाको लक्ष्यमा पुग्न राज्यले विद्यालय क्षेत्र सुधार योजनामाफत विभिन्न रणनीतिक योजना र कार्याक्रमहरू कार्यान्वयन गर्दै आएको छ । तैपनि तोकिएको समयमा लक्षित उद्देश्य हासिल गर्न हम्मे हम्मे पर्ने देखिन्छ । जबसम्म स्थानीय जनसमुदाय र सरोकारवालाहरूको जवाफदेहिपूर्ण चिन्ता र चासो बढ्दैन सरकारी प्रयासले मात्र शैक्षिक कार्यक्रम सफल हुने लक्षण देखिँदैन् । विद्यालयमा विद्यार्थीको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराउने आकर्षक शैक्षिक वातावरण बनाउन तथा आवश्यक साधन स्रोतको तर्जुमा र पहिचान गर्न सरोकार पक्षको ध्यान जानु जरुरी छ । सरोकार पक्ष खास गरी शिक्षक विद्यार्थी अभिभावक तथा समग्र समुदायको सद्भावयुक्त सक्रियताबिना अपेक्षित शैक्षिक विकास अभियान सार्थक हुनसक्दैन ।

बालबालिकालाई सहज वातावरणमा विद्यालय सम्म पुऱ्याउन र उनीहरूलाई टिकाई राख्न मात्र नभएर उनीहरूको उपलब्धिस्तर उच्च बनाउन समेत घरपरिवार र समुदायको अहम भूमिका हुन्छ । राज्यले गरेको लगानीबाट मात्र रोचक शैक्षिक वातावरण बनाउन सकिने अवस्था छैन । गैर सरकारी तथा  स्थानीय समुदायको सद्भाव, सहयोग र सहकार्यविना कुनै पनि शिक्षण संस्था फस्टाउन सक्ने अवस्था देखिदैंन । अतः आफ्नो विद्यालय आफैँ बनाऔं भन्ने अपनत्वको भावना विकास सरोकार पक्षमा हुनु आवश्यक छ । प्रत्यक्ष सरकारी लगानी भएका विद्यालयभन्दा निजी लगानीमा  खुलेका विद्यालयका उपलब्धिस्तर उच्च हुनुले पुष्टि गर्दछ । अभिभावकको आकर्षण संस्थागत विद्यालयप्रति बढ्दो छ । किनकि संस्थागत विद्यालयको व्यवस्थापकीय पक्ष लक्ष्य हासिल गर्न समर्पित, जवाफदेही र उत्तरदायी भएको पाइन्छ । जसको अभिभावकसँगको सम्बन्ध सुमधुर र निरन्तर छ । तसर्थ शिक्षाको दायित्त्व राज्य र स्थानीय समुदायले के कति लिनुपर्ने हो ? बहसको विषय बनेको छ । सामुदायिक विद्यालयप्रति सेवाग्राही समुदायको आस्था र विश्वास कसरी बढाउन सकिन्छ ? चुनौती बनेको छ । विद्यालयको व्यवस्थापकीय पक्षलाई  जवाफदेही कसरी बनाउन सकिएला ? गम्भिर हुनुपर्ने बेला आएको छ ।

शैक्षिक उपब्धिस्तरलाई उच्च बनाउन पाठ्यक्रमले तोकेको विषयगत उद्देश्यहरू पुरा हुन नियमित पठनपाठन हुन जरुरी छ । एक शैक्षिक सत्रमा २२० दिनसम्म विद्यालय खुल्नु पर्नेमा वर्षमा ९० दिन खुलेको पनि पाइँदैन । विद्यालय खुलेको दिनमा पनि नियमित पढाइ कतिको होला ? चनाखो हुनुपरेको छ । किनकि कतिपय सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपस्थित हुने दर अधिक भएको पाइन्छ । प्रायः शिक्षक चार किसिमले अनुपस्थित हुन्छन् भन्ने अध्ययनले पुष्टि गरेको छ । जसअनुसार पहिलो प्रायः विद्यालय नै नजाने, दोस्रो ढिलो विद्यालय जाने चाँडो फर्कने, तेस्रो विद्यालय समयमा जाने तर कक्षामा ढिलो प्रवेश गरी चाँडो निस्कने त्यस्तै चौथो समयमा नै कक्षा प्रवेश गर्ने तर विना तयारी शारीरिक रूपमा मात्रै मानसिक रूपमा अनुपस्थित हुने । एक शैक्षिक सत्रको लागि बनाइएको पाठ्य विषय आधाभन्दा कम समयमा पढाएर गुणस्तरीय शिक्षाको अपेक्षा गर्नु कत्तिको बुद्धिमत्तापूर्ण सोच होला ? अर्को तर्फ विगतमा विद्यालयले सबै खाले माग पुरा गर्न आन्दोलनको तारो बन्दै आयो । अब यो विडम्वनापूर्ण संस्कारबाट शिक्षण संस्थालाई कसरी मुक्त गराउन सकिएला ? चिन्ता

र चिन्तनको विषय बन्नुपर्छ । यदि हामी शिक्षाको विकास विस्तारको लागि साँच्चिकै संवेदनशील छौं भने सरोकार पक्षले समसामयिक मुद्दाहरूलाई मध्यनजर राखेर आफ्नो सोच र कार्यशैली समयानुकूल परिमार्जन तथा परिस्कृत गर्दै आम बहसबाट तार्किक निष्कर्षमा पुग्नुपर्ने वर्तमान समयको माग हो ।

## जिल्लास्तरमा गर्न सकिने कामहरू

जिल्लामा विद्यालय तहको शिक्षालाई व्यवस्थित रूपमा नियमन गर्नको लागि जिल्ला शिक्षा अधिकारीको व्यवस्था भएको छ । जिल्ला शिक्षा अधिकारीले जिल्लाको समग्र शिक्षणसंस्थाको समन्वय गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चत गर्न दत्तचित्त भएर लाग्नुपर्ने हुन्छ । मौजुदा शिक्षा ऐन नियममा शिक्षाका अन्य पदाधिकारीको भन्दा बढी ३२ ओटा काम कर्तव्य तोकिएको पदाधिकारी पनि जिल्ला शिक्षा अधिकारी नै हो । कार्यसम्पादनको क्रममा तोकिएका उल्लिखित जिम्मेवारीको अतिरिक्त परिस्थितिजन्य चुनौतीहरूको चुरो पहिचान गरेर समाधानको जरो पत्ता लगाउने अभिभारा समेत जिशिअको काँधमा आउनु स्वभाविकै हो । नेपाल करिब ३४ हजार ७४३ विद्यालयमा अध्ययनरत करिब ७६ लाख विद्यार्थी र दुई लाखभन्दा बढी शिक्षक कर्मचारी करोडौं अभिभावक लगायत शिक्षासँग सरोकार राख्ने सरकारी गैर सरकारी सङ्घ संस्था समेतको प्रत्यक्ष र परोक्ष ध्यान पुग्ने विद्यालय शिक्षालाई सुदृढ बनाउने काममा ७५ जिल्लाका जिल्ला शिक्षा अधिकारीको कार्यकुशलता र भूमिकालाई कदापि गौण मान्न सकिन्न । विद्यालयदेखि शिक्षा कार्यालयसम्मको साधानस्रोतको व्यवस्थापनमा जिल्ला शिक्षा अधिकारीको नेतृत्वदायी भूमिका हुन्छ । तथापि जिशिअलाई दिइएको अधिकार वास्तवमा 'अधिकारी' भन्न सुहाउने खालको छ त ? अचेल बहसको विषय बनेको छ । आफू अन्तर्गतका शिक्षक कर्मचारीको नियुक्ति, सरुवा बढुवा, पुरस्कार दण्ड तथा वृतिविकासका अवसरमा जिशिअको निर्णायक भूमिका प्रबल छैन् । कुनैपनि पेसाकर्मीको योग्यता क्षमताअनुसार निरन्तर काममा प्रेरित गर्ने वातावरणलाई मर्यादित बनाउन आस र त्रास हुनुपर्दछ । शिक्षकको खासगरी नियुक्ति, सरुवा, बढुवा, पुरस्कार, दण्ड सजायको अधिकार कसमा निहित छ भन्ने कुराले प्रभाव पार्दछ । शिक्षकका वृतिविकासका कतिपय अवसर तिनवर्षे कार्यकाल भएका विद्यालय व्यवस्थापनमा निहित छ । जानेर नजानेर कतिपय व्यवस्थापन समितिले आफ्नो अधिकार र कर्तव्यलाई उचित प्रयोग नभएका कारणले पनि विद्यालयमा बेथिति बढेको छ । यसरी विद्यालयमा हुने बेथितिको अन्तिम जवाफदेही जिशिअले लिनेपर्ने हुन्छ । राजनीतिले गाँजेको विद्यालय शिक्षामा कारवाही गर्नु भनेको आफ्नो खुट्टामा आफैँ बन्चरो हान्नु सरह हो । जसको कारणबाट सेवासुविधाको सुनिश्चतताका साथै तालिम प्राप्त शिक्षकहरूको बाहुल्यता भएको सामुदायिक विद्यालयको भन्दा निजी लगानमि सञ्चालित संस्थागत विद्यालयको गुणस्तर राम्रो हुँदै गएको छ । शैक्षिक अस्तव्यस्तता तथा अनुत्तरदायी प्रवृति झाँगिएको परिस्थितिमा कतिपय शैक्षिक नीति नियम, कार्यक्रम तथा योजना परियोजनाले आशातित सफलता हासिल गर्न सकेका छैनन् ।

शिक्षा क्षेत्रमा गरिएको सम्पूर्ण लगानीको सार्थकता विद्यार्थीको उच्च शैक्षिक उपलब्धिस्तर तथा उत्पादित जनशक्ति विश्व श्रमबजारमा खरो प्रतिस्पर्धी भै सफल हुनमा निर्भर गर्छ । जबसम्म कक्षाको शिक्षण सिकाइ क्रियाकलापमा नवीन ज्ञान, सिप र अभिवृत्ति प्रवेश गराउन सकिन्न तबसम्म हामीले गुणस्तरीय शिक्षाबाट बालबालिकालाई भविष्यको लागि सुसज्जित गराउन सकिन्न । अतः नासपाती

रोपेर सुन्तलाको अपेक्षा गरे जस्तै हो । पानी मोथेर नौनी पनि निकाल्न सकिन्न । विद्यालय तथा कक्षा कोठामा गरिने शैक्षिक क्रियाकलाप विद्यार्थीको पारिवारिक लगाएतका पृष्ठभूमिलाई संबोधन गर्ने खालको हुनुपर्छ । सेवाग्राही अभिभावक विद्यार्थीको विश्वास जित्न निरन्तर प्रयत्नशील रहनु पर्छ । विद्यालयको वातावरण रोचक आकर्षक बनाउनुपर्दछ । विद्यालय समाजलाई प्रतिविम्बित गर्ने सानो समाज हो । जहाँ समुदायका हरेक क्षेत्र र वर्गका बालवालिका पढ्न आउँछन् । तसर्थ बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउने शैक्षिक वातावरण बनाइनु पर्दछ । मौजुदा प्रविधि र प्रवृतिमा समयानुकुल परिमार्जन र परिष्कृत गरिनुपर्दछ । अनुशासनको नाममा शारीरिक, मानसिक, मनोवैज्ञानिक एवम् संवेगात्मक भावनामा कुण्ठित पार्ने खालको व्यवहार विद्यार्थीलाई गरिनु हुन्न । कक्षा कोठाको वातावरण लोकतान्त्रिक मूल्य र मान्यता अभ्यास गर्ने थलोको रूपमा स्थापित गरिनुपर्दछ । शिक्षकले सर्वप्रथम विद्यार्थीको पृष्ठभूमिलाई अध्ययन गर्नुपर्दछ । त्यसपछि मात्र सोही अनुसारको पाठ्यक्रम, पाठ्य वस्तु, शिक्षण विधि प्रयोग गर्नु फलदायी हुन्छ ।

सीमित साधनस्रोत एवम् फितलो व्यवस्थापकीय पक्षलाई सवल र सफल जवाफदेही बनाउनु सामुदायिक विद्यालयको प्रगतिको लागि पहिलो शर्त हो । साथै विद्यार्थीलाई सर्वोपरी मानेर शैक्षिक नीति निर्माण एवम् कार्यान्वयन हुनुपर्छ । त्यस्तै कुनै शिक्षण संस्था र शिक्षाकर्मीको मूल्याङ्कन विद्यार्थीको उपलब्धिको सङ्ख्यात्मक र गुणात्मक परिमाण र परिणामको आधारमा हुनुपर्दछ । अतः राज्यको लगानीको सदुपयोग गर्दै स्थानीय सरकारी गैरसरकारी संघ संस्था सबैले कार्यान्वयन गर्ने तर्फ चिन्ता र चासो लिनुपर्ने वेला आएको छ । शैक्षिक विकास र विस्तार गर्नको लागि शिक्षा कर्मीको उच्च मनोबल कायम राख्न वस्तुनिष्ठ निष्पक्ष र पारदर्शी मूल्याङ्कन हुने संयन्त्रको विकास गरिनु पर्दछ । उनीहरूको मूल्याङ्कनको आधार तयार गर्दा कम्तीमा नीतिज्ञता, निर्दिष्टता, नियमितता, निष्ठता, निस्वार्थता, निसंकोचता, निस्कलङ्कता, निष्पक्षता (आठ नि) लाई समेत ध्यान दिंदा परिणाम न्यायोचित हुनजान्छ ।

शिक्षा अधिकारी शिक्षा मन्त्रालय अर्न्तगतको विभागीय निकायको सम्पर्क अधिकृतको रूपमा मात्रै नभएर अन्य मन्त्रालयहरू गृह, स्थानीय विकास, स्वास्थ्य, महिला तथा बालबालिका लगायत सरकारी, गैर सरकारी निकायको समेत कार्य गर्नुपर्ने हुन्छ । यी सबै जिम्मेवारीलाई सम्बोधन गर्दै गुणस्तरीय शिक्षाको प्रबद्र्धन गर्न सरकारको नीति तथा कार्यक्रम लागु गर्ने दायित्व समेत पुरा गर्न जिशिअले अहम भूमिका खेल्नुपर्ने हुन्छ । जिल्लामा रहेका विद्यालयहरूको सञ्चालनलाई सुव्यवस्थित गर्दै गुणस्तरीय शिक्षालाई प्रबद्र्धन गर्न राज्यले अख्तियार गरेको केन्द्रीय नीति र कार्यक्रम मात्र पर्याप्त हुँदैन । जिल्लाको शैक्षिक नेतृत्वको दायित्व लिने कतिपय जिल्ला शिक्षा अधिकारीले आफ्नै पहलमा नवीन कार्यहरू गर्दै आएको पाइन्छ । म आफूले पनि जिल्ला शिक्षा अधिकारी हुँदा आफू कार्यरत भएको जिल्लाको शैक्षिक अवस्था उन्नत बनाउन गरेका निम्न प्रयासहरू यहाँ पस्किने प्रयास गरेको छु । जुन विद्यार्थीको पठन पाठनलाई गुणस्तरीय बनाउने उद्देश्यबाट प्रेरित छ । त्यस्तै विद्यालयलाई बालमैत्रीको साथै शिक्षकमैत्री बनाउँदै साधनस्रोत सम्पन्न उर्जाशील शिक्षण संस्थाको रूपमा स्थापित गर्नु हो । जिल्लामा स्वस्फुर्तरूपमा अपनाइएका यस्ता कार्यले संस्थागत र सामुदायिक विद्यालयहरू बिचमा परस्पर सहयोग र सहकार्य गराउँदै उनीहरूमा भएको योग्यता, क्षमता र लगानीको अधिकतम् प्रयोग गर्न सहजता प्रदान गर्दछ ।

शैक्षिक कार्यक्रमहरूको अधिकतम् उपलब्धि हासिल गर्न शिक्षानुरागीहरूको निस्वार्थ सक्रिय योगदानले कम महत्त्व राख्दैन। शैक्षिक विकृति, विसँगति र क्षतिलाई निरुत्साहित र न्यूनिकरण गर्न तथा शिक्षाका हरेक नीति र कार्यक्रमहरू विद्यालय र विद्यार्थी केन्द्रित बनाउने हेतुले निम्नानुसारका नीति एवम् कार्यक्रमहरूको अवलम्वनले गुणस्तर वृद्धिमा प्रत्यक्ष, परोक्ष योगदान पुग्ने वास्तविकता हो।

- ✓ प्रत्येक वर्षको शैक्षिक सत्रको सुरुमा शिक्षकहरूबाट विषयगत अनुमानित उत्तीर्ण प्रतिशतको लक्ष्य निर्धारण गरेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अभ्यासले विद्यार्थीको उपलब्धिस्तर बढ्न जाने। प्रत्येक विद्यालयले Mission -To Distinction को लक्ष्य राखेर आफनो शैक्षिक गतिविधि सञ्चालन गर्दा ललितपुर, काठमाडौं, कास्की र नुवाकोट लगायतका जिल्लाहरूको उत्तीर्ण र प्राप्ताङ्क प्रतिशत सुदृढ हुँदै गएको पाइन्छ। विद्यालयहरूमा सूचना र प्रविधिको विस्तार तथा Mission To Distinction अभियानलाई नुवाकोट जिल्लामा त जिल्ला परिषदले नै आफ्नो मूल नीतिमा समावेश गरेको कारणबाट यसको अपरिहार्यता पुष्टिको साथसाथै स्थानीयस्तरमा साधनस्रोत जुटाउन र अवलम्बन गर्नमा सहजता भएको थियो।
- ✓ समय र समाजको मागअनुसार सामुदायिक विद्यालयहरूमा पनि अङ्ग्रेजी माध्यमबाट पठन पाठन गर्न प्रोत्साहित गर्ने क्रममा शिक्षकहरूको तालिम सेमिनार गोष्ठी सञ्चालन शिक्षकका पेसागत संघ संस्थाहरूसँगको सहकार्यमा सञ्चालनबाट प्रभावकारिता आएको अनुभव हो।
- ✓ सामुदायिक र संस्थागत विद्यालयबिच मितेरी सम्बन्ध स्थापना गर्दै सहकार्यको वातावरण बनाउन अन्तरक्रियात्मक कार्यक्रमको सञ्चालनले आपसमा मिलेर शैक्षिक गतिविधि सञ्चालन भएको कारणबाट दुवैथरी विद्यालयका शिक्षक, विद्यार्थी तथा व्यवस्थापन बिचमा सौहाद्रता वृद्धि गर्न योगदान पुग्दो रहेछ।
- ✓ रामेछाप, कास्की, ललितपुर जिल्लाहरूमा विविध सूचना तथा विस्तृत मासिक पाठयोजना भएको सूचनामूलक शैक्षिक क्यालेन्डर पहिलो पटक प्रकाशित गरी प्रत्येक विद्यालयलाई वितरण गरिएको थियो। यसबाट विद्यालय तथा शिक्षकहरूलाई आफ्नो जिम्मेवारी योजनाबद्धरूपमा सम्पन्न गर्न सहयोग भएको अनुभव भयो। त्यसैगरी विद्यालयको पठनपाठन लगायतका गतिविधिहरूको प्रगतिस्थिति कस्तो छ भनी जान्न र अनुगमन गर्न समेत यस पात्रोले मार्ग चित्र प्रदान गर्दछ।
- ✓ जिल्ला तथा स्रोत केन्द्रस्तरमा शिक्षकहरूको विषयगत समिति गठन गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने नीतिले विषयगत उत्कृष्ठता हासिल गर्न टेवा पुग्न जाने।
- ✓ जिल्लाको शिक्षा क्षेत्रमा कार्यरत I/NGOs को लगानी र कार्यक्रममा दोहोरोपन हटाउन कास्की तथा ललितपुरमा जिल्लास्तरीय गैरसरकारी संस्था सञ्जाल गठन तथा उनीहरूको बिस्तृत विवरण भएको प्रोफाइल (profile) सार्वजनिक गरी अभिलेखीकरण गर्नाले पारदर्शिता तथा प्रभावकारितामा प्रसंशनीय काम भएको टिप्पणी सेवाग्राही र सेवा प्रदायकले गर्नु सुखद अनुभव हो।
- ✓ प्रत्येक मावि तथा निमाविमा बालक्लवको गठन गरेर बालबालिकाहरूको रचनात्मक, सिर्जनात्मक तथा सामाजिक कार्यमा संलग्न गराउने नीतिले उनीहरूमा आत्मबल र आत्मविश्वासलाई सुदृढ

गराउन प्रोत्साहन मिल्ने वास्तविकतालाई नकार्न सकिन्न ।

- ✓ अनुगमन र निरीक्षणलाई अर्थपूर्ण, प्रभावकारी बनाउनका लागि विषय विशेषज्ञ सहितको सदस्य भएको समूह सुपरीवेक्षण (team supervision) को प्रारम्भबाट विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिमा उत्साह र जाँगर एवम् आत्मबल समेत बढ्ने अनुभव गरियो ।
- ✓ एसएलसी परीक्षा लगायत अन्य कक्षाको परीक्षाको पनि नतिजा विश्लेषण (result analysis) गरी परीक्षा पद्धति तथा पठनपाठनमा सुधार ल्याउन मार्गचित्र प्रदान गर्दछ ।
- ✓ विद्यालय व्यवस्थापन समितिको समय र कामलाई बढी रचनात्मक, योजनाबद्ध बनाएर अधिकाधिक सफलता हासिलका लागि आफ्नो ३ वर्षे कार्यकालमा प्रतिवर्ष विद्यालयमा गर्ने सुधारका रणनीति समावेश गरिएको दूरदृष्टि पत्र (vision paper) निर्माण कार्यान्वयन गर्न प्रशिक्षित र प्रोत्साहित गर्ने नीतिले व्यवस्थापनमा सकारात्मक परिवर्तन ल्याउने वास्तविकता हो ।
- ✓ जिल्लास्तरीय विद्यालय निरीक्षक, स्रोतव्यक्तिहरूको बैठक शिक्षा कार्यालयमा बस्ने परम्पराको क्रमभंग गरेर जिल्ला भरिका स्रोतकेन्द्र विद्यालयहरूमा पालैपालो राख्ने, त्यस्तै स्रोतकेन्द्रस्तरीय बैठक स्रोतकेन्द्रमा मात्र नगरी पालै पालो सेवा क्षेत्रभित्रका अन्य विद्यालयहरूमा पनि राख्ने परम्पराको थालनीले सबै विद्यालयहरूको राम्रा नराम्रा वस्तुस्थितिको प्रत्यक्ष अवलोकनबाट थप सुधारको उपाय निकाल्न सकिन्छ ।
- ✓ विद्यालयमा सूचना र प्रविधिको सुनिश्चितता गर्दै e-learning, digital learning प्रवर्धन गर्न कम्प्युटर शिक्षालाई उच्च प्राथमिकता दिइनुपर्दछ । जिशिका नुवाकोटले विभिन्न सङ्घ सङ्स्थासँगको सहकार्यमा शिक्षकहरूलाई तालिम दिने कामको प्रारम्भ भएको थियो । साथै स्रोतकेन्द्र तथा विद्यालयहरूको नाममा इमेल ठेगाना खोलेर विद्यालयका लागि पठाइने पत्र तथा सूचनाको प्रवाहगर्दा पेपरलेस इ गभरनेन्सलाई आत्मसात गर्ने बानीको विकास गर्न सहज पारेको अनुभव नुवाकोटबाट प्राप्त भयो । त्यस्तै टेलिफोन नोटिसबोर्डको प्रयोगले (नुवाकोट १६१८०१०५६०८५८) छिटो, छरितो तथा सुलभ किसिमबाट सूचना प्रवाह गर्ने अभ्यास अनुकरणीय मान्न सकिन्छ ।
- ✓ अस्थायी शिक्षक नियुक्तिलाई प्रतिस्पर्धी, पारदर्शी बनाउन विज्ञापनलाई खुला र व्यापक गर्ने परम्परा कायम गर्ने प्रयाशले प्रतिस्पर्धी जनशक्ति विद्यालय शिक्षामा प्रवेश गराउन सकिन्छ ।
- ✓ विद्यालय शिक्षक तथा कर्मचारीहरूको पेसागत संघ सङ्गठनलाई प्राज्ञिक कार्यक्रमहरू जस्तै सेमिनार, गोष्ठी, अनुगमन एवम् तालिम सञ्चालन लगायतका कार्यमा सहकार्यबाट स्थानीयस्तरमा शिक्षा क्षेत्रमा देखिएका जल्दाबल्दा मुद्दाहरूको सहज र दिगो निकास निकाल्न सकिने अनुभवसिद्ध छ ।
- ✓ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको बिचमा सहकार्य, सहयोग, अनुभवको आदानप्रदान गरेर विद्यालयको व्यवस्थापकीय पक्षलाई सुदृढ बनाउनको लागि व्यवस्थापन समिति सञ्जाल निर्माणमाबाट विद्यालयमा देखिएका समस्या समाधान तथा व्यवस्थापनमा चुस्तता

ल्याउछ । सामाजिक परीक्षण र लेखा परीक्षणको काम समयमै सम्पन्न गर्दै विद्यालयमा आर्थिक अनुशासन र पारदर्शिता कायम गरी विद्यालयमा सुशासन कायम गर्न मद्दत पुग्छ ।

- ✓ छिमेकी विद्यालय वा स्रोत केन्द्रस्तरीय विद्यालयहरू बिच विषयगत सञ्जाल/समिति गठन गरी अनुभवको आदानप्रदान गर्ने तथा महंगा शैक्षिक सामग्रीहरू Microscope, Telescope जस्ता उपकरणलाई साझा रूपमा जुटाउने र प्रयोग गर्ने नीतिले शैक्षिक सामग्रीको प्रचुर प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलापलाई जीवन्त बनाउन सहयोग पुग्ने छ ।
- ✓ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको बैठकमा अधिकाधिक शैक्षिक प्रस्तावलाई प्रवेश गराउन प्रोत्साहित गर्दा विद्यालयको पठनपाठनको स्तरोन्नतितर्फ ध्यान जान्छ ।
- ✓ सामुदायिक तथा संस्थागत विद्यालयहरूमा देखिएका समस्याहरू समाधान गर्न तथा अन्य रचनात्मक काम र सुझाव दिन स्रोत केन्द्रस्तर र जिल्लास्तरमा सरोकारपक्षको छुट्टाछुट्टै समितिहरू गठन गरी जिम्मेवारी र जवाफदेही सुम्पिदा कतिपय शैक्षिक समस्या र चुनौतीहरू विकेन्द्रित अवस्थामा नै समाधान हुन्छ । साथै स्थानीयस्तरमा समस्या समाधान गर्दा वास्तविकताको कसीमा समाधानका उपाय निस्कन्छ ।
- ✓ बाल मैत्री एवम् शिक्षक मैत्री मर्यादित एवम् स्वस्थ शैक्षिक वातावरण बनाउन प्रत्येक विद्यालयमा शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति तथा अभिभावक समेतको सहभागितामा आचारसंहिता तयार गरी कक्षा तथा शिक्षकको कार्यान्वयनमा प्रभावकारिता आउछ ।
- ✓ विद्यालयको ऐतिहासिक पृष्ठभूमिसहितको मौजुदा वस्तुस्थिति झल्किने श्रव्य दृष्य अभिलेख (Audio Video Profile) सबै विद्यालयलाई बनाउन लगाउनाले एकै ठाउँमा बसेर विद्यालयको बारेमा धेरै कुराको जानकारी लिन सकिन्छ । यसबाट विद्यालयको लागि साधानस्रोत वितरण न्यायोचित निर्णय गर्न सहयोग पुग्छ ।

**निष्कर्षः**

उल्लिखित नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरी लक्षित उद्देश्य हासिल गर्न सरोकार सबैको सदभाव, सहयोग, सहकार्य, समन्वय, समर्पण, स्वामित्व र समीक्षा (सात **स**) को अहम भूमिका हुने यथार्थतालाई नकार्न सकिन्न । यस्ता सतप्रयासहरूलाई सार्थकता प्रदान गर्न तथा यस्तै खाले अन्य नवीन सोचलाई शिक्षा क्षेत्रमा प्रयोग गरी जिल्लाको शैक्षिक उन्नति गर्न सबैको रचनात्मक एवम् सकारात्मक सहयोग शिक्षा कार्यालयले पाएमा मात्र शैक्षिक विकास र विस्तारमा टेवा पुग्न सक्छ । पेसाप्रति समर्पित शिक्षाकर्मी, अनुशासित विद्यार्थी, सचेत अभिभावक तथा शिक्षाअनुरागी समुदाय भएमा राज्यले लिएका रणनीति सहजतापूर्वक पुरा हुनेछ । शिक्षाको विकास र विस्तारका लागि कम्तीमा पनि अभिभावक, अध्यापक, अध्यनार्थी (विद्यार्थी), अध्ययन विषय तथा विधि (पाठ्यक्रम), अनुशासन, अपनत्त्व, अनुदान, अनुगमन निरीक्षण र अनुशासन (नौ अ) को अहम् भूमिकालाई नकार्न सकिन्न ।

## सन्दर्भ सामग्री

नेपाल कानुन किताब व्यवस्था समिति (२०६६), **शिक्षा ऐन २०२८ तथा शिक्षा नियम २०५९** संशोधनसहित : काठमाडौं ।

शिक्षा मन्त्रालय (२०६६), **विद्यालय क्षेत्र सुधार कार्यक्रम मुख्य दस्तावेज,** : काठमाडौं ।

नेपाल कानुन किताब व्यवस्था समिति,(२०६३) **नेपालको अन्तरिम संविधान,** : काठमाडौं ।

शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी (२०६९) **कार्यपत्र सङ्ग्रह शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरुमा उच्चस्तरीय सेमिनार,** : सानोठिमी भक्तपुर ।

शिक्षा मन्त्रालय (२०७१), **शैक्षिक सूचना**, काठमाडौं ।